# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं
महाशाखा नं. ७

अत्यन्त जरुरी/गोप्य

शहरी विकास मन्त्रालय
सचिवको निजी सचिवालय
दर्ता नं.: १५६
दर्ता मिति: २०८१।४।३२

पत्र सङ्ख्या :- म.शा.७-श./C-०६१५८२/०८१/८२
चलानी नं. :- ६३६५

मितिः २०८१।०४।२७
ने.स.: ११४४ गुँलाथ्व ७, आइतबार

विषयः- आयोगको सुझाव पठाईएको सम्बन्धमा ।

प्रशासन महाशाखा
दर्ता नं.:- १२६
दर्ता मिति: २०८१।५।५

श्री शहरी विकास मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

दर्ता नं.:- ५५
दर्ता मिति: २०८१।०५।०५

प्रस्तुत बिषयमा यस आयोगमा उ.द.नं. C-०६१५८२ मिति २०८०।१२।२० बाट दर्ता भएको "बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, पनौती नगरपालिका वडा नं. १२ का वडा अध्यक्ष जयराम के.सि. खत्री समेतले उक्त वडामा संचालित वडा स्तरीय योजनामा नगर स्तरीय योजना र प्रदेश स्तरीय योजनाहरुलाई उपभोक्ता समितिमा आफुले भनको मान्ने सोझा सादा व्यक्तिहरुलाई राखेर उक्त वडामा संचालन भएका अधिकांश योजनामा आफैले आवश्यक निर्माण सामाग्री खरिद गरी नाम मात्रको उपभोक्ता समिति मार्फत् आफु ठेकेदार बनी भ्रष्टाचार गरेको साथै आर्थिक भागबण्डा गर्ने उदेश्यका साथ सहरी विकास मन्त्रालयबाट १०० मिटरको दुरीमा रहेको एउटै ठाँउलाई आधार बनाएर विभिन्न योजनाको शिर्षक राखी करिब ५ करोड बराबरको रकमबाट बाटो स्तरोन्नतीको नाममा पनौती-१२ को महाभारत वनसँगको खोलाको दाँया बाँया ढुंगाको ठूला-ठूला वाल लगाई उपभोक्ताले विकासको अनुभुति समेत गर्न नपाउने ठाँउमा गुणस्तरहीन काम गरी ठूलो आर्थिक अनियमितता गरेको भन्ने समेत" ब्यहोराको उजुरीको सम्बन्धमा छानबिनको कार्य सम्पन्न भई आयोगको मिति २०८१।०४।२७ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) (ख) बमोजिम तपसिलमा उल्लिखित सुझाव आवश्यक कार्यार्थ तहाँ पठाइएको ब्यहोरा अनुरोध छ ।

तपसिलः

| |
|---|
| "एक आपसमा अन्तर सम्बन्धित भएका एकै स्थान र एकै प्रकृतिको कार्यहरु कार्यान्वयन गर्दा प्रतिस्पर्धा सीमित नहुने, पारदर्शिता र Value for Money कायम हुने गरी कार्यक्रम स्वीकृत गराई उपयुक्त खरिद विधि मार्फत कार्य गर्ने" |

२०८१।०४।२६
इ. शैलेश दास
इन्जिनियर

श्री म.स. प्रशासन महाशाखा
श्री म.स. बजेट, अनुगमन तथा योजना महाशाखा
श्री म.स. शहरी विकास महाशाखा
श्री म.स. स्थानीय पूर्वाधार

श्री कानून तथा फैसला कार्यान्वयन शाखा

*(पुनश्चः कागजातहरु उपलब्ध गराउँदा अनिवार्य रुपमा पत्रको प. स. नं, च. नं. र मिति खुलाई तथा फाइल पन्जिका गरी पठाईदिनुहुन ।)*